रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०८१

स्वीकृत मिति : २०८१।०३।१०
प्रमाणीकरण मिति : २०८१।०३।२५

महाकाली नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
खलंगा, दार्चुला,
सुदूरपश्चिम प्रदेश

०

प्रस्तावना

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सृजनाका नवीनतम उपाय, ढाँचा तथा विधिहरुको बिकास गर्न र रोजगार नीति र कार्यक्रमका सम्वन्धमा आवश्यक सुझाव दिन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४७ मा उल्लेख भए अनुसार रोजगार सम्वाद मञ्च स्थापना गरी कार्यक्रम कार्यान्वयन गर्न वान्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) को उपदफा (१) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम महाकाली नगरपालिकाले गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८१ नगर कार्यपालिका बैठकबाट स्वीकृत गरी लागु गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "समुदाय" भन्नाले टोल, गाउँ वा वस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह वा समाजलाई सम्झनु पर्दछ ।

(च) "समुदाय स्तरको आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रमप्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनालाई सम्झनु पर्दछ

महाकाली नगरपालिका कार्यपालिकाको कार्यालय दार्चुला, प्रदेश नं. सुदूरपश्चिम प्रदेश, नेपाल

वि.प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद २

रोजगार सम्वाद मञ्चको गठन

३. रोजगार सम्वाद मञ्चको गठनः

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ४७ बमोजिम देहाय वमोजिम रोजगार सम्वाद मञ्च गठन गर्न सकिने छ।

(क) नगर प्रमुख	-संयोजक
(ख) नगर उपप्रमुख	-सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत	-सदस्य
(घ) पुर्वाधार बिकास समिति संयोजक	-सदस्य
(ङ) सामाजिक बिकास समिति संयोजक	-सदस्य
(च) पालिकाको योजना शाखा प्रतिनिधि	-सदस्य
(छ) स्थानीय उद्योग बाणिज्य संघको प्रतिनिधि	-सदस्य
(ज) रोजगार संयोजक	-सदस्य सचिव

२. रोजगार सम्वाद मञ्चको बैठक सामान्यतया प्रत्येक चौमासिकमा संचालन हुनेछ र आवश्यकता अनुसार जुनसुकै समयमा वस्न सक्ने छ ।

३. संयोजकको निर्देशनमा सदस्य सचिवले वैठक बोलाउनु पर्नेछ ।

४. बैठकमा बहुमतका आधारमा निर्णय पारित गरिनेछ । मत बराबर भएमा अध्यक्षता गर्नेको मत निर्णायक मानिनेछ ।

५. बैठकमा आवश्यकता अनुसार विज्ञ, पदाधिकारी, कर्मचारी आमन्त्रण गर्न सकिनेछ

६. बैठक संचालन सम्बन्धी अन्य व्यवस्था महाकाली नगरपालिकाको बैठक संचालन कार्यबिधि, २०७४ बमोजिम हुनेछ।

परिच्छेद-३

रोजगार सम्वाद मञ्चको काम, कर्तव्य र अधिकार

४. रोजगार सम्वाद मञ्चको काम, कर्तव्य र अधिकारः रोजगार सम्वाद मञ्चको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) महाकाली नगरपालिका भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन गरी आवश्यक विवरण तयार गर्ने र विवरण वार्षिक रुपमा अद्यावधिक गर्ने ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

(ख) रोजगारीको लगत तयार गर्दा उपलब्ध रोजगारीका लागि आवश्यक पर्ने जनशक्तिको योग्यता, सीप र अनुभवको विवरण सहित तोकेको ढाँचामा अद्यावधिक लगत तयार गरी राख्ने ।

(ग) नगरपालिकाको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र प्रतिवेदन गर्ने भूमिकामा सहयोग गर्ने ।

(घ) निजी क्षेत्रलाई आफ्नो जनशक्ति आवश्यकताको पूर्वानुमान गर्न लगाइ सोको जानकारी रोजगार सेवा केन्द्रलाई उपलब्ध गराउन लगाउने र आवश्यक जनशक्ति सम्भव भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुको सूचीबाट लिन लगाउने ।

(ङ) श्रम बजारको माग अनुसारका तालिम कार्यक्रमको पहिचान तथा कार्यान्वयनमा महाकाली नगरपालिका भित्र रहेका सहकारी, तालिम सेवा प्रदायक संस्था लगायत सम्भावित रोजगारदाताहरु सँग समेत सहकार्य गर्ने।

(च) रोजगार सम्वाद मञ्चले रोजगार सेवा केन्द्र मार्फत बेरोजगार व्यक्तिहरुलाई प्रत्येक वर्षको फागुन महिना भरीको म्याद भित्र तोकिए बमोजिको ढाचामा बेरोजगार दर्ताका लागि निवेदन माग गर्न लगाउनु पर्नेछ ।

(छ) उपदफा (च) बमोजिम प्राप्त निवेदन एक महिना भित्र छानविन गरी बेरोजगार ठहरिएका व्यक्तिहरुको सूची रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्न लगाउने ।

(ज) सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई काममा खटाउनु पूर्व रोजगार सेवा केन्द्रलाइ लाभग्राही परिचय पत्र वितरण गर्न लगाउने तथा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिले लाभग्राही परिचयपत्र पाउनु पूर्व अनिवार्य रुपमा बैंक खाता नम्बर पेश गर्न लगाउनु पर्ने छ ।

(झ) श्रमिकका लागि कुनै किसिमको शुल्क नलाग्ने गरी शुन्य मौज्दातमा बैंक खाता खोल्ने व्यवस्थाको लागी मञ्चले समन्वय गर्ने छ ।

(ञ) रोजगार सेवा केन्द्रलाई प्रभावकारी सञ्चालनका लागि आवश्यक सहयोग, सहजीकरण र समन्वय गर्ने।

(ट) बेरोजगार व्यक्तिहरुको पहिचानमा सिर्जना हुने विवादका सम्बन्धमा रोजगार सेवा केन्द्रबाट पेश भई आएमा मञ्चले विस्तृत अध्ययन गरी सहजीकरण गर्नेछ ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद– ४

विविध

५. बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्वन्धी अन्य सेवा प्रदान गर्ने ।

६. कसैले पनि बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा प्रचलित कानूनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्न हुँदैन ।

७. प्राप्त निवेदनमा रोजगार संवाद समुहले आवश्यक जाँचबुझ गरी वास्तविक बेरोजगार व्यक्तिको सूची तयार गरी अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

८. रोजगारी सिर्जनाको लागि निजी क्षेत्र तथा गैर सरकारी संघ संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

९. रोजगारीको अवसर वृद्धिको लागि स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोग गर्न विशेष अभियान सञ्चालन गर्ने,

१०. गरिबी निवारण र रोजगारी सृजना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

११. स्थानीय तह, उद्यमी, व्यवसायी, उद्योग वाणिज्य संग समन्वय गरी विभिन्न रोजगार तथा स्वरोजगार सिर्जना हुने किसिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने छ ।

१२. सम्भावित चुनौती तथा असरको बारेमा रोजगार तथा अवसरका लागि आउने युवाहरुका लागि अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्नु पर्ने छ ।

१३. रोजगारदातालाई अभिमुखीकरण गर्दा रोजगारको किसिम, कामको जिम्मेवारी,कार्य सम्पादन गर्ने तरिका, हाजिरी, पारिश्रमिक तथा अन्य सेवा सुविधा, कार्यस्थलका सुरक्षाको बारेमा जानकारी गराउनु पर्ने छ ।

१४. रोजगारदाताहरुलाई सुचीकृत गरी तथ्याँक अद्यावधिक गर्नु पर्ने छ ।

१५. यस कार्यविधिमा रहेका अनुसुची अनुसार नगरकार्यपालिका अन्तरगत रहेको रोजगार सेवा केन्द्रमा अभिलेखकको रुपमा अद्यवाधिक गरी राख्नु पर्ने छ ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

१६. बाधा अड्काउ फुकाउनेः यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा नगरकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१७. परिमार्जन तथा संशोधनः कार्यविधिमा संशोधन तथा परिमार्जन वान्छनीय भएमा नगरकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

१८. यो कार्यविधि नेपालको संघीय तथा प्रदेश कानुन संग बाझिएमा स्वतः खारेज भएको मानिनेछ ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ र रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ मा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-१

१.रोजगारदाताहरुको विवरण

क्र सं	रोजगारदाताको नाम	ठेगाना	सम्पर्क व्यक्ति	व्यवसाय	हाल रोजगारी संख्या	थप आवश्यक संख्या	आवश्यक जनशक्ति प्रकृती	
							सीप भएको	सीप नभएको

अनुसूची २

२. रोजगारी माग गर्ने जनशक्तिको विवरण

क्र सं	नाम	ठेगाना	सम्पर्क नं	शैक्षिक योग्यता	भएको सीप	कुन काम खोजेको	तालिम लिएको भए कुन तालिम	सीप परिक्षण छ/छैन

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय शुक्लफाँटा, दाइला सुदूरपश्चिम प्रदेश, नेपाल

वि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

३. रोजगारी सृजनाका लागि तालिम प्रदान गर्ने तालिम प्रदायक संघ संस्थाहरुको विवरण

क्र सं	संस्थाको नाम	ठेगाना	सम्पर्क व्यक्तिको नाम	सम्पर्क नम्बर	प्रदान गरिएको तालिम	तलिम लिने संख्या	तालिम लिएको भए कुन तालिम	सीप परिक्षण छ/छैन	रोजगारमा आबद्ध संख्या	रोजगारको खोजीमा रहेको संख्या

अनुसूची ४

४. पालिका भित्र तालिम लिएका व्यक्तिहरुको विवरण

क्र सं	व्यक्तिको नाम	ठेगाना	सम्पर्क नम्बर	सीपको विवरण	तलिम प्राप्त	आफै सिकेको	तालिम लिएको भए कुन तालिम	सीप परिक्षण छ/छैन

महाकाली नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम (४) बमोजिम प्रमाणिकरण गरिन्छ ।

.....

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत